राजपुर गाउँपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को दफा ९(१) बमोजिम राजपुर गाउँ कार्यपालिका अध्यक्षबाट कसिधै प्रस्तुत प्रस्तावहरु :

१. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको प्राप्ताङ्क सार्वजनिकरण सम्बन्धमा ।
२. स्वमूल्याङ्कन कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा ।
३. कोरोना संङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषको रकम खर्च स्वीकृती सम्बन्धमा ।
४. शिक्षक अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा ।
५. कल्याणपुर खानेपानी योजना सम्बन्धमा ।
६. नदिजन्य पदार्थ उत्खननको सिफारिस सम्बन्धमा ।
७. कोभिड १९ (कोरोना भाइरस) रोकथाम तथा नियन्त्रण सम्बन्धमा ।
८. लमही रक्त संचार केन्द्रलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।
९. नेपाल रेडक्रस सोसाइटीको प्रदेश स्तरीय भेलालाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।
१० . लगत संकलनमा खटिएका कर्मचारीहरुको सेवा सुविधा र ईकाइ संयोजक तोक्ने सम्बन्धमा ।
११ . ठेक्का कबुल रकमबाट बचेको रकमले योजना सञ्चालन गर्ने सम्बन्धमा ।

<u>निर्णय नं. : १</u>

निर्णय नं. १ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७, परिच्छेद ३ उपदफा (ज) बमोजिम स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको प्राप्ताङ्क जम्मा ४२ अंक प्राप्त गरेका व्यहोरा सार्वजनिकरण गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. : २</u>

निर्णय नं. २ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७, अनुसूची -५ बमोजिम स्वमूल्याङ्कन कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र. सं. | क्रियाकलापहरु | समय सीमा |
|---|---|---|
| १ | स्थानीय तहको बार्षिक कार्यक्रममा LISA सम्बन्धी क्रियाकलापलाई समावेश गर्ने | समय असार १० गतेभित्र |
| २ | परिच्छेद ३ बमोजिम फोकल पर्सन तोक्ने | प्रत्येक वर्ष श्रावण पहिलो हप्ताभित्र |
| ३ | सम्पर्क व्यक्तिको संयोजकत्वमा आवश्यक सबै प्रमाणीकरणको आधारहरु (Means of verification) को सङ्कलन तथा विश्लेषणात्मक प्रतिवेदनको तयारी गर्ने । प्रमाणीकरणको आधारहरुको सङ्कलन/ तयारी गरी प्रणालीमा प्रविष्टी गर्ने कार्यलाई वर्षभरी नै निरन्तरता दिने । | निरन्तर |

| | | |
|---|---|---|
| ४ | स्थानीय तहको स्वमूल्याङ्कनको लागि तयारी बैठक गरी प्रमाणीकरणको आधारहरु सङ्कलन/तयार भएको सुनिश्चत गर्ने | प्रत्येक वर्ष श्रावण मसान्तभित्र |
| ५ | परिच्छेद ३ बमोजिम LISA को उद्देश्य, विधि, प्रणालीबारे प्रशिक्षण कार्यक्रम संचालन गर्ने | प्रत्येक वर्ष भाद्र मसान्तभित्र |
| ६ | सहभागितात्मक छलफल र विश्लेणको आधारमा सम्बन्धित विषय क्षेत्रको स्वमूल्याङ्कनको अङ्कभार निर्धारण गर्ने एवं स्वमूल्याङ्कनको प्रणालीमा आधारित भई प्रारम्भिक नतिजा तयार गर्ने । | प्रत्येक वर्ष आश्विन मसान्तभित्र |
| ७ | तयार भएको प्रारम्भिक नतिजा प्रमुख प्रशासकीय अधिकृतले छलफलका लागि कार्यपालिकाको बैठकमा पेश गर्ने । | प्रत्येक वर्ष आश्विन पहिलो हप्ताभित्र |
| ८ | उल्लेखित चरण पुरा गरी तयार पारिएको स्वमुल्याङ्कनको अन्तिम नतिजा कार्यपालिकाबाट अनुमोदन गर्ने | |
| ९ | स्वमुल्याङ्कनको अन्तिम नतिजाको समग्र समीक्षा गर्ने :<br>१) सबल र कमजोर क्षेत्रहरुको पहिचान गर्ने,<br>२) गत बर्षको तथा अन्य स्थानीय सरकारको नतिजासँग हालको नतिजा तुलना गर्ने,<br>३) कमजोर रहेका क्षेत्रहरुको सुधारका लागि कार्ययोजना तयार गर्ने । | प्रत्येक वर्ष पौष मसान्तभित्र |
| १० | कार्यपालिकाले अनुमोदन गरेको ७ दिनभित्र मुल्याङ्कनको नतिजा कार्यापालिकाको वेवसाइटमा राख्ने र कार्यालयको सुचनापाटीमा प्रकाशन गर्ने | माघ पहिलो हप्ताभित्र |
| ११ | स्वमुल्याङ्कन कार्य सम्पन्न भएपश्चाल सो को अन्तिम नतिजा त्यसपछि लगत्तै बस्ने गाउँसभामा जानकारीको लागि पेश गर्ने | सभाको बैठक बसेको समयमा |

निर्णय नं. : ३

निर्णय नं. ३ माथि छलफल गर्दा विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) रोकथाम, नियन्त्रण तथा उपचारका लागि नेपाल सरकारको निर्देशन तथा यस गाउँपालिकाको निर्णय बमोजिम सुरु देखि हाल सम्म क्वारेन्टीन संचालन तथा व्यवस्थापन, राहत वितारण, धानको विउ वितरण, नाका क्षेत्रमा खाद्यान्न ढुवानी अनुदान, आइसोलेसन सेन्टर संचालनका लागि प्रदान गरिएको रकम, कर्मचारी तथा स्वास्थ्यकर्मिको जोखिम भत्ता लगायतका विभिन्न कार्यमा सुरु देखि हाल सम्म भएको खर्च रु. ३,००,५८,३६३।७७ (तीन करोड अन्ठाउन्न हजार तीन सय त्रिसट्ठि र सतहत्तर पैसा) मात्र स्वीकृत गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं : ४

प्रस्ताव नं ४, माथि छलफल गर्दा राजपुर गाउँपालिकाको शिक्षा समितिको मिति २०७७।१२।२२ को बैठकको निर्णय अनुसार यस गाउँपालिका भित्र संचालित विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा दरवन्दी नहुँदा पठन पाठनमा बाधा परिरहेको र निजि श्रोत नहुँदा निजि श्रोतमा राखिएका शिक्षकहरुलाई तलब भुक्तानी गर्न नसकिएको सम्बन्धमा विद्यार्थी अनुपातमा शिक्षक दरवन्दी कम भएका तपसिलमा उल्लेखित विद्यालयहरुमा तपसिल बमोजिम शिक्षक अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो ।

क) मा.वि. शिक्षक तलब मासिक रु. १६०००।- का दरले बार्षिक १२ महिनाको तलब,

ख) नि.मा.वि. शिक्षक तलब मासिक रु १३५००।- का दरले बार्षिक १२ महिनाको तलब,

ग) प्रा.वि. शिक्षक तबल मासिक रु १२०००।- का दरले बार्षिक १२ महिनाको तलब ।

| सि. नं. | विद्यालयको नाम ठेगाना | विद्यार्थी संख्या | शिक्षक दरवन्दी ( राहत समेत) | अनुदान उपलब्ध गराउने तह | अनुदान उपलब्ध गराउने संख्या | कै |
|---|---|---|---|---|---|---|
| १ | श्री साधारण मा.वि. गंगदी | मा.वि. १४० + ११३<br>नि.मा.वि. २४६ | मा.वि. ५ + १<br>नि.मा.वि ३<br>प्रा.वि. ६ | मा.वि.<br>नि.मा.वि | १<br>१ | |
| २ | श्री मा.वि. सिक्टा | मा.वि. १०३ | नि.मा.वि. २<br>प्रा.वि. ४ | मा.वि. | १ | |
| ३ | श्री शंकर मा.वि. खरदरिया | मा.वि. १२१<br>नि.मा.वि. २४३ | नि.मा.वि. १<br>प्रा.वि. ४ | मा.वि.<br>नि.मा.वि. | १<br>२ | |
| ४ | श्री जनज्योति मा.वि. बेला | मा.वि. २४२ + ५९<br>नि.मा.वि. ४४६<br>प्रा.वि. | मा.वि. ३<br>नि.मा.वि. ४<br>प्रा.वि ६ | मा.वि.<br>नि.मा.वि | १<br>१ | |
| ५ | श्री गौरी शंकर मा.वि. भैसाहीनाका | मा.वि. ४३<br>नि.मा.वि.७५ | नि.मा.वि. १<br>प्रा.वि. २ | मा.वि. | १ | |
| ६ | श्री मा.वि. दुलैया | मा.वि. ९९<br>नि.मा.वि. २१४ | नि.मा.वि. १<br>प्रा.वि. ८ | नि.मा.वि | १ | |
| ७ | श्री बालकल्याण मा.वि. खांग्रानाका | मा.वि. ३१<br>नि.मा.वि. ६४ | नि.मा.वि. २<br>प्रा.वि. २ | मा.वि. | १ | |
| ८ | श्री शिव शक्ति मा.वि. भौवानाका | मा.वि. ५२<br>नि.मा.वि.७८ | मा.वि. १<br>नि.मा.वि. ३<br>प्रा.वि. ३ | मा.वि. | १ | |
| ९ | श्री ज्योति आ.वि. गुरुडखोला | नि.मा.वि. ४७ | नि.मा.वि. १<br>प्रा.वि. ३ | नि.मा.वि | १ | |
| १० | श्री युगबोध आ.वि. सुनपथरी नाका | नि.मा.वि. ३३ | प्रा.वि. ३ | नि.मा.वि. | १ | |
| ११ | श्री जनकल्याण प्रा.वि. भैसहवा | प्रा.वि. १६६ | प्रा.वि. ० | प्रा.वि. | २ | |
| १२ | श्री जनप्रिय प्रा.वि. सिमगजमरीनाका | प्रा.वि. ५९ | प्रा.वि. ० | प्रा.वि. | १ | |
| १३ | श्री रात्री प्रा.वि. गंगदी | प्रा.वि. १६१ | प्रा.वि. ३ | प्रा.वि. | १ | |
| १४ | श्री दिपज्योति प्रा.वि. जंग्रहवा | प्रा.वि. १८५ | प्रा.वि. २ | प्रा.वि. | १ | |
| १५ | श्री जनप्रिय आ.वि. गोठुवा | आ.वि. १२३ | प्रा.वि. २ | प्रा.वि | १ | |

निर्णय नं. : ५

निर्णय नं. ५ माथि छलफल गर्दा राजपुर वडा नं. ६ को कल्याणपुर खानेपानी योजना नामाकरण भएतापनि GEO Physical गर्दा खांग्रानाकामा पानीको स्रोत भेटिएको हुँदा उक्त योजनाको निर्माण कार्य (डिप बोरिङ्ग) खांग्रानाकामा संचालन गरि वडा नं. ६ का खांग्रानाका, कल्याणपुरनाका, अडवरुवानाका, बैरहवानाका र गौरियानाकामा पानी वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. : ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा स्थानीय राजपुर गा.पा २ नं. वडा कार्यालयको सिफारिस अनुसार यस राजपुर गाउँपालिका वडा नं. २ को मटेरिया ५(ख) कि.नं. ३३२ ज.वि. ०-११-१६.५ को खेती योग्य जमिन बर्षेनी राप्ती नदिले कटान गरी बगरमा परिणत गरिरहेको हुदाँ नदिजन्यको लागि सिफारिस माग भई आएको सम्बन्धमा आवश्यक प्रक्रिया अगाडी बढाउने सम्बन्धित कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा विश्वव्यापी रुपमा फैलीरहेको कोभिड १९ (कोरोना भाइरस) रोग नियन्त्रण तथा रोकथामको सन्दर्भमा यस गाउँपालिकाले आवश्यक तयारी तथा व्यवस्थापनको लागि तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

तपशिल :

१. कोभिड विशेष २० शैयाको आइसोलेसन सेन्टर राजपुर गाउँपालिकाको सभाहरुमा सञ्चालन गर्ने र सो कार्यको लागि आवश्यक तयारी गर्ने ।

२.भाइरसबाट संक्रमित व्यक्तिहरुलाई ओसार पोसार र आइसोलेसन सेन्टरलाई आवश्यक सामग्री ढुवानीको लागि गाडी भाडामा लिने ।

३. आइसोलेसन सेन्टरमा रहने संक्रमित व्यक्ति र उक्त सेन्टरमा खटिने स्वास्थ्य कर्मी, सुरक्षाकर्मी साथै अन्य सरसफाई कर्मचारीहरुलाई खाना तथा खांजा व्यवस्थापनको लागि होटललाई जिम्मा दिने ।

४. कोभिड १९ (कोरोना भाइरस) रोगको नियन्त्रण तथा रोकथाममा खटिन स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा अन्य कर्मचारीलाई नियमानुसार जोखिम भत्ता उपलब्ध गराउने ।

५. गैर सरकारी सघ संस्थाहरु समन्वय गरि आवश्यक सहयोगको लागि पहल गर्ने ।

६. कोभिड १९ ( कोरोना भाइरस )का कारण भारतसंग सिमा जोडिएको यस गाउँपालिका अन्तरगत नाका क्षेत्रमा खाद्यान्न ढुवानीको लागि भाडा अनुदान उपलब्ध गराउने ।

७. अक्सीजन सुविधा सहितको कोभिड विशेष अस्पताल,लमहीलाई २०,००,००० । अक्षरुपी बिस लाख उपलब्ध गराउने गर्ने ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा नेपाल रेडक्रस सोसाइटी दाङ जिल्ला शाखाको पत्रानुसार नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा दाङले देउखुरी क्षेत्रका स्थानिय तहको सहयोगमा लमहीमा रक्त सञ्चार सेवा केन्द्र संचालनको लागि यस गाउँपालिकाको तर्फबाट रु ३,००,००० । अक्षरुपी तीन लाख मात्र सहयोग गर्ने निर्णय गरियो ।

मिर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा नेपाल रेडक्रस सोसाइटी दाङ जिल्ला शाखाको पत्रानुसार लुम्बिनि प्रदेशस्तरीय सभा सम्पन्न भएको र उक्त सभाको लागि त्यस कार्यालयबाट सहयोग प्रदान गर्ने प्रतिवद्धता भए अनुसारको रकम निकासा गरिदिनु हुन भनी लेखि आएको सम्बन्धमा यस गाउँपालिकाबाट प्रतिबद्धता भए अनुसार रु २५,००० । अक्षरुपी पच्चीस हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगत भुमि सम्बन्धि समस्या समधानको लागि लगत संकलनमा खटिएका कर्मचारीहरुलाई तह अनुसारको तलब, १/१ थान झोला र छाता उपलब्ध गराउने र उक्त ईकाइको लागि सिफारिस भएको उमेद्वार राजपुर ४ बस्ने सरजुप्रसाद कुम्लाहर हाल सम्म पनि कार्यालयको सम्पर्कमा नआएकोले लगत संकलन इकाईको संयोजकको रुपमा यस गाउँपालिकामा कार्यरत कर्मचारी अधिकृत छैठौं श्री मेघसिंह पछाई लाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय नं.११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस राजपुर गाउँपालिकाको आ.ब २०७७/७८को स्वीकृत आयोजनाहरु गाउँपालिकाबाट नाकाक्षेत्र जोड्ने तीन वटा सडकमा ठेक्का (बोलपत्र) आवह्न गरिएको , सो ठेक्कामा कबुल रकम स्वीकृत बजेट भन्दा कम भएको सो बजेटबाट बचेको रकमबाट योजनामा परिमाण तथा चेनेज दोहोरो नपर्ने गरि **माररी सिरिया सडक निर्माण, जग्रहवा खांग्रा सडक चपरिया खांग्रा खण्ड निर्माण र किचेखोली कुरुवा तालि सुनपथरी सडक निर्माण** कार्य उपभोक्ता समिति मार्फत रु ५० /५० लाख बराबरको आयोजना सञ्चालन गर्ने निर्णय गरियो ।